# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

पत्र संख्या: ०७९/८०
Letter No.:
चालनी नं.:
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

## सेवा करार पदपूर्ती सम्बन्धी सूचना।

### प्रथम पटक प्रकाशित मितिः २०७९।०८।२७

माछापुच्छ्रे गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार चालु आ.व २०७९।८० का लागि देहाय बमोजिमका जनशक्तिहरु सेवा करारमा पदपूर्ती गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र) रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग पद संख्या | परीक्षा किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १७।०७९-८० | कृषि स्नातक | अधिकृत छैटौं | १ (एक) | लिखित र अन्तर्वार्ता | १०००।- |
| २ | १८।०७९-८० | हलुका सवारी चालक | श्रेणी विहीन (प्रथम) | १ (एक) | अन्तर्वार्ता | ३००।- |
| ३ | १९।०७९-८० | कार्यालय सहयोगी | श्रेणी विहीन | २ (दुई) | अन्तर्वार्ता | ३००।- |

१. **आवश्यक न्यूनतम योग्यताः**
   क) **कृषि स्नातकः** मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट कृषि विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको ।
   ख) **हलुका सवारी चालकः** कम्तीमा ८ कक्षा उत्तीर्ण (B Category को सवारी चालक अनुमतिपत्र भएको ) ।
   ग) **कार्यालय सहयोगीः** कम्तीमा ८ कक्षा उत्तीर्ण ( माछापुच्छ्रे गा.पा. वडा नं. २ र ९ मा स्थायी ठेगाना भएका आवेदकलाई प्रथमिकता दिइने)।

२. **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ३५ बर्ष (पुरूष उम्मेदवारको हकमा) ननाघेको र महिला उम्मेदवारको हकमा ४० बर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थानः** माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाहाचोक, कास्की ।

४. **दरखास्तको ढाँचा र शुल्कः** गाउँपालिकाको बेवसाइट https://machhapuchhremun.gov.np बाट प्राप्त गर्न सकिने छ र तोकिएको दरखास्त दस्तुर प्रभू बैंक लिमिटेड, माछापुच्छ्रे शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक राजश्व खाता (GA-1.1 ANTARIK RAJASHWO KHATA, 1400109223400069 ) मा रकम जम्मा गरेको सक्कल भौचर वा गाउँपालिकाको राजश्व शाखाको बाट प्राप्त नगदी रसिद पेश गर्नुपर्नेछ ।

५. **तलबः** गाउँपालिकाको प्रचलित नियम अनुसार ।

६. **सम्पर्क मितिः** म्याद समाप्त भएको भोलि पल्ट उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुल्ने समय । लिखित तथा अन्तर्वार्ताको समय पछि प्रकाशन गरिनेछ ।

७. **पाठ्यक्रमः** सम्बन्धित पदको लागि लोक सेवा आयोगबाट स्वीकृत र सम्बन्धित कार्यविधि/निर्देशिकाहरूले तोके बमोजिम हुनेछ ।

८. दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरू:
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
   ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
   ग) कामको अनुभव खुलेका कागजातहरू
   घ) सवारी चालकको हकमा सवारी चालक अनुमतिपत्र

९. सूचनामा उल्लेख भएका विषयहरू बाहेक अन्य विषयहरूको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहित रहनेछ।

१०. सम्पर्कः ९८५६०१७३१०, ९८५६०१७३१४

प्रमुख प्रशासकीय अधिकृत